आज मिति २०७७/१२/१६ गते सोमवारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्या गुरुङ | कार्यपालिका सदस्य |
| | श्री नविन कुमार गुरुङ | कार्यपालिका सदस्य |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | कार्यपालिका सदस्य |
| | श्री राप्के गुरुङ | कार्यपालिका सदस्य |
| | श्री साङ्गे छिरिङ गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री देवी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुलमाया वि.क. | कार्यपालिका सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | कार्यपालिका सदस्य |
| | **अन्य उपस्थिति** | |
| | धर्पु गुरुङ | कार्यवाहक अध्यक्ष ( वडा नं. ३ ) |
| | श्री सुदर्शन पौडेल | प्रशासन अधिकृत |
| | श्री अमृत प्रसाद रेग्मी | लेखा अधिकृत |

प्रस्तावहरुः

१. वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सार्वजनिक खरिद नियमावलि २०७७ र करारका कर्मचारी सेवामा लिने सम्बन्धी कार्यविधि २०७७ पारीत गर्ने।

२. चालु आ.व. २०७७/७८ को वजेट संशोधन सम्बन्धमा।

३. सूचना प्रविधि अधिकृत पदपूर्ती सम्बन्धमा।

४. अन्तर सरकारी वित्तिय हस्तान्तरणको लागि योजना छनोट गर्ने सम्बन्धमा।

CamScanner

## निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा कार्यपालिकामा पेश भएका " वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको सार्वजनिक खरिद नियमावलि २०७७" र करारका कर्मचारी सेवामा लिने सम्वन्धि कार्यविधि २०७७" पारित गर्ने निर्णय गरीयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा करारका कर्मचारीहरुको सेवा शुल्क (खर्च शिर्षक नं. २२४१३ ) शिर्षकमा बजेट अपुग भएको हुँदा रु. २५,५०,०००/- (पच्चिस लाख पचास हजार) आन्तरीक स्रोत (अ.ल्या.) बाट विनियोजन गर्ने र स्थानिय तहको पाठ्यक्रम निर्माण गर्न शिक्षा शाखातर्फको लागि रु २०००००/- (रु. दुई लाख ) समेत आन्तरिक स्रोत (अ.ल्या.) बाट विनियोजन गर्न बजेट संशोधन गरी अनुमोदनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँकार्यपालिकाको कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृतमा पदपूर्ति गर्न कार्यपालिकाको कार्यालयको मिति २०७७/१२/०९ को निर्णय बमोजिम २०७७/१२/१० गते १५ दिने सूचना प्रकाशित गरेको विषयलाई समर्थन गर्दै उक्त पदमा करारमा पदपूर्ती गर्न तत्कालिन सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालय, स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय ईकाइको च.नं. १२७ मिति २०७४/०७/१७ गतेको सम्पुर्ण स्थानियतहहरुलाई प्राप्त परीपत्रको मार्ग निर्देशानुसारको प्रकृया पुरागरी उक्त पदपूर्ती गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकारको अन्तर्सरकारी वित्तिय हस्तान्तरणको लागि योजना माग भएकोमा तपशिलका योजना माग गर्ने निर्णय गरीयो ।

क) कागबेनी बजारको ढल निर्माण, वडा नं. ४ कागबेनी

ख) तेताङ, मौचोव सिचाई, वडा नं. ३

ग) वडा नं. ५ मा स्वास्थ्य चौकी निर्माण ।